# पुथा उत्तरगङ्गा गाउँपालिका
## गाउँ कार्यपालिका बैठकको प्रस्ताव एवं निर्णयहरु
### बैठक सङ्ख्या: ४५, बैठक मिति: २०८२।०४।२८, समय: बिहान ११:०० बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ४४ औं कार्यपालिका बैठकमा भएका आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम, आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम लगायत अन्य विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ४५ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | स्नातक तह क्याम्पस सञ्चालन सम्बन्धमा । | लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वको सवैभन्दा विकट भुगोलमा रहेको पुथा उत्तरगङ्गा गाउँपालिकामा आवश्यक मापदण्ड पुग्ने र यहाँको आवश्यकतालाई मध्यनजर गर्दै पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ शिक्षा समितिको निर्णयलाई अनुमोदन गर्दै पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० मा रहनेगरी स्नातक तह क्याम्पस सञ्चालनको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो । | |
| ३ | स्नातक तह क्याम्पस सञ्चालनका लागि जग्गा तथा भौतिक संरचना व्यवस्थापन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको अस्थायी कार्यालय रहेको भवन र साविक तकसेरा गा.वि.स. भवन लाई स्नातक तह क्याम्पस सञ्चालनको लागि प्रयोग गर्ने प्रायोजनको लागि श्री महेन्द्र माद्यामिक विद्यालयको नाममा भवन उपलब्द बनाई वडा नं. १० को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गर्ने निर्णय गरियो । | |
| ४ | प्राविधिक धार कक्षा सञ्चालन सम्बन्धमा | पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० तकसेरा स्थित श्री महेन्द्र माद्यामिक विद्यालय तकसेरामा सञ्चालनार्थ प्राविधिक धार कम्प्युटर विज्ञान हाल कक्षा ९-१० मात्र सञ्चालन रहेकोमा आगामी शैक्षिक सत्रदेखि २०८३ देखि कक्षा ९-१२ सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाई जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो । | |
| ५ | विद्यालय समायोजन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाभित्रको नजिकका विद्यालयहरु समायोजन गरी सम्पूर्ण संरचना तथा जनशक्ति एकीकृत गरेर शैक्षिक स्तर वृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प्रचलित शिक्षा ऐन, **सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७७** तथा पुथा उत्तरगङ्गा गाउँपालिकाको **विद्यालय मर्जर तह घटुवा, तह बढुवा,** कार्ययोजनाको परिधि भित्र रहिँ तपसिलका सामुदायिक विद्यालयहरु समायोजन गर्ने भनि पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ शिक्षा समितिले गरेको निर्णय र महेन्द्र माद्यामिक विद्यालय र जनजागृति आधारभुत विद्यालय समायोजन सम्बन्धी भएको सम्झौता अनुमोदन गरी उक्त दुई विद्यालय समायोजन गर्ने निर्णय गरियो । | |

तपसिल

| क्र.स. | विद्यालय मर्जर तथा समायोजन गर्ने विद्यालय | मर्जर पछि सञ्चालिन हुने कक्षा | मर्जर तथा समायोजन वा एकीकरण पछि रहने विद्यालय नाम | कै. |
|---|---|---|---|---|
| १ | श्री महेन्द्र माद्यामिक विद्यालय | कक्षा ६ देखि कक्षा १२ सम्म | श्री महेन्द्र मावि तकसेरा बाछीगाउँ | |
| २ | श्री हिमालय जनजागृति आभारभुत विद्यालय | बालविकास देखि कक्षा ५ सम्म | | |

| | | | |
|---|---|---|---|
| ६ | आयोजनाहरुको म्याड थप सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका द्वारा आर्थिक वर्ष २०८१।०८२ मा योजना निर्माणका लागि सम्झौता भई आर्थिक वर्षको अन्त्य सम्ममा काम सम्पन्न नभएको आयोजनाहरुको निर्माण सम्पन्न गर्नको लागि तपसिलका योजनाहरुको निर्माणको जिम्मेवारी पाएका निर्माण कम्पनीसँग भएको सम्झौता म्याद थप गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो।<br><br>**तपसिल**<br><br>(तालिका तल) | |
| ७ | अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका भित्र आर्थिक वर्ष २०८१।०८२ मा सम्पन्न भएका योजनाहरुमा जिल्ला समन्वय समितिले मिति २०८२ असार ९ गते देखि असार १५ गते सम्म अनुगमन गरी यस कार्यपालिकामा पेश भएको अनुगमन प्रतिवेदन र गाउँपालिका स्तरीय अनुगमन तथा सुपररीवेक्षण समितिको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो । | |
| ८ | योजना हस्तान्तरण सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाद्वारा उपभोक्ता समिति मार्फत काम सम्पन्न भएका आर्थिक वर्ष २०८०।०८१ योजनाहरुको गाउँपालिकाबाट फरफारक रकम समेट भुक्तानी भएकोले तपसिलका योजनाहरु संरक्षण मर्मत सम्भारको लागि सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो।<br><br>तपसिलः<br>➢ सनुपानी गुफा सिँढी निर्माण<br>➢ आधारभुत विद्यालय रन्मा फिल्ड निर्माण<br>➢ कुङ्सी लघुजलविद्युत मर्मत<br>➢ घातुङ देखि जनप्रिय आ.वि. सम्म सिढी निर्माण<br>➢ दुर्गा आ.वि. १ कोठे भवन निर्माण<br>➢ वडा कार्यालय शौचालय निर्माण पिपलटुङ<br>➢ वडा कार्यालय खानेपानी निर्माण तथा प्लाइउड सोलिङ राङ्सी<br>➢ सिद्ध मण्डली आ.वि. तारजाली तथा खानेपानी निर्माण<br>➢ आधारभुत विद्यालय हार्दिबाङ गेत निर्माण तथा घेराबार | |
| ९ | विभिन्न कार्यविधि अनुमोदन तथा संशोधन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको विभिन्न कामकाजको सहजिकरण तथा नियमन गर्नका लागि तपसिलका कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो ।<br><br>तपसिल<br>❖ अति विपन्न परिवारलाई आर्थिक सहयता कार्यविधि, २०८२,<br>❖ घ वर्ग निर्माण व्यवसायलाई इजाजत पत्र समन्बधी कार्यविधि संशोधन, २०८२,<br>❖ गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि संशोधन, २०८२,<br>❖ महिला समुह सञ्चालन कार्यविधि, २०८२,<br>❖ ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०८२, | |

तपसिल (निर्णय ६):

| क्र.स. | योजनाको नाम | निर्माणको जिम्मा लिएको निर्माण कम्पनीको नाम | म्याद थप गरिने समय | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालयहरु भवन ४ वटा वडा नं. ६,७ र १० | NC-SN JV काठमाडौं | आजको मितिदेखि ६ महिना | |
| २ | डिमुरगैरा तातोपानी संरक्षण एवम् पर्यटन विकास | गेमी तकसेरा बिल्डर्स तकसेरा | आजको मिति देखि ६ महिना | |